# रि-रजिष्ट्रेसन सम्बन्धी सूचना

- २०१० वा सो भन्दा पछि भर्ना भएका पि.एच.डी., एम.फिल. तथा मास्टर्स तहका सम्पूर्ण कोर्षहरू पूरा गरेका तर थेसिस/डिजर्टेसन बाँकी भएका विद्यार्थीहरू रि-रजिष्ट्रेसनमा जान सक्ने छन्।
- यसरी रि-रजिष्ट्रेसन गर्दा पि.एच.डी.का विद्यार्थीहरूले दुईवर्ष भित्र तथा एम.फिल. तथा मास्टर्सका विद्यार्थीहरूले एक वर्ष भित्र फाइनल भाइभा गरिसक्नु पर्ने छ।
- फाइनल भाइभा सम्पन्न भएको मितिले तीन महिना भित्र सम्बन्धित सुपर भाइजर तथा विभागीय प्रमुखको सिफारिस सहित कालो बाइण्ड गरिएको थेसिस/डिजर्टेसन स्कूलको परिक्षा शाखामा आइसकेको हुनुपर्ने छ।
- रि-रजिष्ट्रेसन गरेका विद्यार्थीहरूले तीन क्रेडिट आवरको रिसर्च मेथड्स सम्बन्धी थप एउटा कोर्ष पढ्नु पर्ने छ।
- रि-रजिष्ट्रेसन वापत सबै विद्यार्थीले रू १५,००० तिर्नु पर्ने छ। साथै जुन तहमा रि-रजिस्टर हुने हो सोही तहको हाल कायम फिलाई आधार मानेर सम्बन्धित विद्यार्थीलाई अध्ययन पूरा गर्न कति सेमेष्टर लाग्छ सोही अनुसार प्रत्येक सेमेष्टरको फि तिर्दै जान सक्नेछन्। यसरी गर्दा रि-रजिष्ट्रेसन हुने विद्यार्थीले कम्तीमा एक सेमेष्टरको तथा बढीमा पि.एच.डी.का विद्यार्थीले चार सेमेष्टरको तथा एम.फिल. तथा मास्टर्सका विद्यार्थीले दुई सेमेष्टरको फि तिर्नेछन्।
- रि-रजिष्ट्रेसन गर्न चाहने विद्यार्थीले जनवरी १ देखि फेब्रुअरी ५, २०२१ सम्म रि-रजिष्ट्रेसन गरिसक्नु पर्ने। रि-रजिष्ट्रेसन हुनको लागि यसैसाथ संलग्न रि-रजिष्ट्रेसन फाराम भर्ने तथा आफूले अध्ययन पुरा गरेका सेमेष्टरहरूको मार्कसिट पनि संलग्न गरी reregistration@kusoed.edu.np मा पठाउने वा आफै आएर बुझाउन सकिने छ।
- रि-रजिष्ट्रेसनका लागि फाराम भरेका विद्यार्थीहरूको फाराम स्वीकृत भएपछि सो को जानकारी सम्बन्धित विद्यार्थीलाई गराईने छ। तत्पश्चात आवश्यक फि तिरे पछि मात्र रि-रजिष्ट्रेसनको प्रक्रिया पुरा हुने छ।
- रि-रजिस्टर्ड विद्यार्थीको समय गणना गर्दा फेब्रुअरी २०२१ लाई आधार मनिने छ।
- रि-रजिष्ट्रेसन गरेका विद्यार्थीहरूले नयाँ प्रपोजल वा नयाँ डेटा समावेश गरी थेसिस वा डिजर्टेसन गर्नुपर्छ। तर यस सम्बन्धमा यस स्कूलको अनुसन्धान समितिले थप व्याख्या तथा निर्णय गर्ने छ।
- पहिल्यै रि-रजिष्ट्रेसन गरेर पनि अध्ययन पूरा गर्न नसकेका विद्यार्थीहरूले फेरि रि-रजिष्ट्रेसनको सुविधा पाउने छैनन्।

मितिः २०७७/०९/१४

School of Education